# प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

२१ दुस्मनसंग लडाई गर्दा दुस्मनका मुलुकको वाटाघाटा गाउ सहर फौज वासको थाहा नभया ग्रापनु होसियारी रहंदैन भन्या तजवीज गरि जगा जगामा जांचन पठाई लेषि ल्यायाका वाटा घाटा गाउ सहर फौजवासकोसको तपसिल–

नेपालदेखि केरुको वाटोगरि टिगरि किल्ला जान्या वाटो–

वास

१ काठमाडौंदेषि ग्रह्मडि नवापौवा कोस– ६

२ नवापौवादेखि धैंवु पौवा ७ कोसमा वास पर्छ नया पौवा देखि १। कोस वह्नालोगै सिंधुन्या खोलावाट व्यासि १ कोसगै तादि षोलाको दुगा तरि वर्तारवाट साघुपुगी त्रिशूलगंगा वाउपारि गै वेत्रावतिका झोलंगा तरि ग्राधाकोश उकालोगै धैंवु पौवामा वासकोस– १३

३ धैंवुदेषि ग्रा ५ कोसमा वास पर्छ धैंवुंको उकालो २ कोस चढि तेर्छो ग्राधा कोसगै सानु पह्न्या तरि दमसिलोह कालो १ कोश चढि कमात्या गढ पुगी तेर्छो पाउ भर गै ठाडै वह्नालो पाउ भरगै फेरि तेर्छो १।। कोसगै. ग्रामावास पर्छ कोस– १८

४ ग्रांवाट धुंच्या ४ कोसमा वास पर्छ दम्सिलो उकालो चढि वनै वनगै षह्न्यातरि थौरै उकालो चढि धुंच्यामा वास पर्छ कोस– २२

५ धुंच्यावाट स्याफ्रु ३।। कोसमा पर्छ. धुंच्यावाट पाउ भरगै त्रिशूल गंगाको सांधु तरि ठाडै उकालो विकट सिढि हात ३०।४० हात १।२ जनाले वोकन्या भारि लैजानु हुन्छ घोडा चढि जान हुन्दैन ताहावाट गै नाक्या डांडा काटि ।। कोस तेर्छोगै भार्षु गाउँ पुग्छ भाषुवाट पाउभर वह्नालोगै सानु पह्न्या तरि दम्सिलो उकालो पाउभरिगै नाक्या डांडो काटि पाउ भरगै ठाडै वह्नाला १ कोसगै झुँगा षोला वाउपारि ढुग्या नपच्याङ।। कोसगै स्याफ्रु खोलाको काठ्यासाधु तरि वास कोस– २५

६ स्याफ्रुदेखि टिमुन्या ४ कोसमा वास पर्छ स्याफ्रुवाट उकालो ढुंग्यान् ।। कोस तेर्छो पच्याङ २ कोसगै पहरोमा ढुंगा चिह्नि ढुंगाकाटि वनाई राष्याको टाढाको गजहात १ होला लमाई हात ३५।४० जसोगै सानु षह्न्याको फट्क्या साधुंतरि येक षुकिलो ढुंग्यान् उकालो चढि १ हातको सांग्रो वाटो भिरमा तेर्छोगै १ षुकिलो वह्नालि झुगा षोला वाउपारि पच्याङ ढुंग्यान् १ कोसगै टिमन्या गाउंमा वास कोस– २९।। टिमुन्यावाट प्याङफेदि ५ कोसमा वासपर्छ

टिमुऱ्यावाट वगर ढुंग्यान् १ कोसगै दम्सिलो उकालो र मैदान पाउ भरगै रसुवा षोला वारि होम्रो पारि भोट्याको दोसाध षोलाको काठ्यासाघु १५ हात होला जघार तर्नु हुन्दैन साघुतरि पाउ भरगै पच्याङ वगर २ कोसगै. विकट पहरोमा फलामको किलो ठोकि काठको फल्याक १ हात वित्ताको वाटो झिक्याको हात २५ जानुपर्छ तेतिगै ढुंग्यान वगर डेढ कोसगै प्याङ फेदिमा वास कोस– ३४।।

८ प्याङ फेदिवाट करु कोस ४ मा वास पर्छ पाउ भर उकालो चढि १ कोसवन तेर्छोगै ठाडो षह्न्याको लोतरिह्नात ५० को विकट सिढि २ हात गज उकालो तेर्छो पच्याङ १ कोसगै लुकुवादेखि दम्सिलो उकालो पाउभरगै षोलाको काठ्या साघुतरि ।। कोस उकालो चढि आधा कोस वह्नालो झरिकेरु पुग्छ केरुको विचमा सानु किल्ला १ छ तेसभित्र ढेवा झुमन २

९ लेषन्या षर्दार १ रहंछन् केरुग्या भोट्या घर ९०० वाकलो गाउं छ कोस ३८।। केरुवाट थोठाङ ४ कोसमा वास पर्छ टार १।। कोस षोलाको तिरैतिर वाटगै ।। कोस वनैवनवाट हिडि फेरि टार १।। कोसगै षोलाको तिरैतिरवाट आधाकोश गयापछि थोताङ वास पुग्छ कोस– ४२।।

थोताङदेखि मघानसम्म वास ६ मा मंशिरदेखि चैत्रमैह्लासम्म ठुलो हिउं पऱ्यामा हिउ <u>नपगल्यासम्म वाटो वन्द हुन्छ–</u>

१० थोताङवाट गुन्द्रावास ५ कोसमा वास पर्छ ।। कोसटारगै साघु तऱ्यापछि पाउ भर ढुंग्यानवाट तेर्छो उकालो वह्नालो ।। कोशगै ।। कोश मैदानमा हिडिकाठ्या साघु ढुंग्यान वगर पाउ भरगै सानो उकालो वनैवन वह्नालो उकालो ।। कोसगै कोस षोलाको तिरैतिरवाट गयापछि ४।५ घरको गाउं १ छ १ कोसका विचमा काठ्यासाघु २ तऱ्या पछि १।। कोस हिडी गुन्द्रावास पुग्छ कोस– ४७।।

११ गुन्द्रावाट झोगा ५ कोशमा वास पर्छ षोलाको तिरैतिरवाट १ कोसगै काठ्यासाघु पुग्यापछि. षोला दाहिना पारि तिरैतिरगै फेर काठ्यासाघु तरि ।। कोस षोलावारि गरि. षोलाको तिरैतिरवाट षह्न्या १ तरि उकालो चढि तेर्छो वाटो हिडि भंज्याङ तरि वह्नालो झरि २ कोस षोलाको वाउ पारि तिरैतिरगै षह्न्या स्मेत १।। कोस हिड्यापछि झोगावास पुग्छ. झोगामाठुलो १ किल्ला छ त्यो किल्ला ३।४ सै हात गज होला ३।४ सै हात लमाई होला तेस्मा ३।४ हातगज १६।१७ हात अग्लो भयाको पर्षालले घेरियाको छ. तेस पर्खालका ६।७ हातभित्र फेरी अर्को पर्षाल लायाको छ तेसकिल्ला भित्र ठाउंठाउंमा विकट घर वनायाको छ तेस किल्लाभित्र ३।४ सै घर होला विचमा सर्कारिया घर पनि छ. तेस घरमा १ ढेवा रहंछन् ८०।९० सिपाहि र प्रजा ८।९ सै वस्याका छन्. षर्षजाना हातहतियार पनि वस्येछ. उनुहरुलाई रसदको भडार पनि छ तेसगढकाभित्र गुंवा १ छ तेस्मा ५०।६० लामा वस्याका छन्. कामपर्दामा तेसढेवाका जिल्ला ५।६ दिनमा वाटोसम्म छ तेस जिल्लाका मानिस उठाई ल्याया ४।५ हजारसम्म होला येस गढ किल्लाकामुनिवाट जानुपर्छ. अर्को वाटो छैन डांडाछलि गयामात्र किल्ला छलिछ रसद पाइदैन– ५२।।

१२ झोगावाट सासि पोषरिको छेउ ५ कोसमा वासपर्छ ।। कोसगयापछि झोगाका प्रजाहरूको गाउ घर ८ जसो होला ताहावाटगै सानु षोलाको तिरैतिर-वाट ।। कोसगै उकालो वह्नालो ३ कोसछ लंगुर भन्याको यहिहो ताहावाट षोलाको तिरैतिर ।। कोस गयापछि पोषरि १ छ ताहावाट ।। कोसगै सासि पोषरि छेउ वास पुग्छ गाउघर छैन कोस– ५७।।

१३ सासिवासवाट डिकुर वास कोस ६ मा पर्छ

सासिवाट मैदान ।। कोसगै कुलोवाट दम्सिलो मैदान २।। कोसगै ढुंग्यान वगर सानु षोला कोस ३ गयापछि डिकुर वास पुग्छ कोस— ६३।।

१४ डिकुरवाट मघामवास ६ कोसमा पर्छ मैदान ३ कोसगै २ कोस ढुंग्यान कुलाको तिरैतिरवाटगै ढुंग्यान १ कोस गयापछि मघामवास पुग्दछ कोस— ६९।।

१५ मघामवाट दासाङ ५ कोसमा वास पर्छ. मघामवाट १ कोसगै पुरानु विग्याको किल्ला १ छ कोस १ षोलाको तिरैतिरगै १०।१२ घरको गाउ १ छ ताहावाट षोलाको तिरैतिरगै तर्नुहुन्या षोला कोस ३ पाउ मैदान कोस २। गैदासाङ वास पुग्छ कोस— ७४।।

१६ दासाङवाट टिगरिकिल्ला ४ कोसमा वास पर्छ मैदान १ कोस ठाउंठाउंमा भासिन्या १ कोसजसो छ अरुणाको तिरैतिर वाउपारि ।। कोसगै तर्नु हुन्या सानुखोला र ढुंग्यान वाटो ।। कोसगै मैदान १ कोस पुग्यापछि. टिगरि किल्ला वास पुग्छ कोस— ७८।।

(क्रमशः)